बैठक संख्या २/१२६

आज मिति २०७९ असार २१ गते मंगलबारका दिन सूर्यविनायक नगरपालिकाको १२६ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सवित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| | | | |
| | | | |

**मिति २०७९ असार २१ गते नगर कार्यपालिका (१२६ औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. - स्थानीय भू उपयोग परीषद गठन ।
२. आ.व.२०७९।८० का लागि मालपोत दररेट निर्धारण ।
३. कोभिड रोकथाम कार्यक्रम संचालन सम्बन्धमा ।
४. एकीकृत सरकारी कार्यालयका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
५. विविध ।

**निर्णय नं १**

संघीय भूउपयोग ऐन,२०७६ को दफा १८ मा भूउपयोग क्षेत्र तथा भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहमा एक भूउपयोग परिषद् रहने व्यवस्था गरिएको छ । सोही ऐनमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले स्थानीय भूउपयोग परिषद्को रुपमा कार्य गर्नेछ भन्ने स्पष्ट प्रावधान भए बमोजिम नगर प्रमुख श्री बासुदेव थापाको अध्यक्षता कार्यपालिकामा रहनु भएको सवै पदाधिकारीहरु सदस्य रहने गरी भूउपयोग परिषद् गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

नवौं नगरसभाबाट मर्मत सभार कोष लगायत विभिन्न शिर्षकमा विनियोजित रकम मध्येबाट देहायका योजना तथा कार्यक्रका लागि देहाय अनुसारको रकम विनियोजित गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | वडा नं | रकम रु. |
|---|---|---|---|
| १ | गैर सरकारी संस्था महासंघ नेपाल भक्तपुर | | १००००० |
| २ | राजन थापा उपचार खर्च | १ | १०००० |

**निर्णय नं ३**

भक्तपुर जिल्लाका सवै सरकारी कार्यालयहरुलाई एकै स्थानमा एकीकृत गरी सेवाग्राहीहरुलाई एकै स्थानवाट सेवा प्रवाह गर्दा सरकारी सेवाको गुणस्तर वृद्धि भई सेवाग्राही नागरिकहरुलाई सहजता हुने भएकोले सूर्यविनायक नगरपालिका वडा नं ८ मा स्थित भक्तपुर ईटटा तथा टायल उद्योग प्रा.लि.जगातीले नेपाल सरकारसंग लिजमा लिएको २६० रोपनी जग्गा मध्ये ५१ रोपनी, १४ आना, ३ पैसा जग्गामा एकिकृत सरकारी कार्यालय स्थानपना गर्न जग्गा प्राप्तीका लागि नेपाल सरकारका सम्वन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

भुमि व्यवस्था तथा मालपोत कार्यालय भक्तपुरबाट यस नगरपालिकाको जग्गाको रजिष्ट्रेशन लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि न्यूनतम मुल्यांकनको दर निर्धारणका सम्बन्धमा प्राप्त भएको पत्रका सम्बन्धमा बैठकमा छलफल हुदा चालू आर्थिक वर्ष २०७८।७९ को दररेटमा १० प्रतिशत वृद्धि गरी आर्थिक वर्ष २०८९।०८० को जग्गाको न्यूनतम मुल्यांकन निर्धारण गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

**निर्णय नं ५**

सूर्यविनायक नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ को संसोधन सहितको दोस्रो संस्करण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न ६**

नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभाग, शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानी पोखरीको मिति २०७९।०३।०२ को च.न.७४२ को पत्रका सम्बन्धमा उल्लेखित कोभिड रोकथाम कार्यक्रममा सहभागी हुने र सहभागिताका लागि देहाय अनुसार गर्ने निर्णय गरियो ।

तपसिल

क. पत्रको बुदाँ १ बमोजिमको Multipurpose Shelter निर्माणका लागि आवश्यकपर्ने २ रोपनी जग्गा व्यवस्थापन गरी ७ दिनभित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने

- रविन्द्र सापकोटा संयोजक
- राजकुमार जोशी सदस्य
- लछुराम न्यौपाने सदस्य
- पुष्पराज बस्नेत सदस्य
- प्रदिप कार्की सदस्य

ख. उक्त कार्यक्रमका लागि नगरपालिकाको तर्फबाट स्वास्थ्य शाखा प्रमुख श्री बसन्त चापागाईलाई सहजकर्ता तोक्ने ।